श्री
टेलीफोन नं. ०९१-५२११३०
फ्याक्स नं. ०९१-५२७३६९
# कैलाली जिल्ला अदालत
धनगढी, कैलाली

सूचना प्रकाशित मितिः- २०७६।०५।१३

## बिषयः- सूचना ! सूचना !! सूचना !!!

बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम १३ ले समाजसेवी र नियम १४ ले बाल मनोविज्ञ वा बाल विशेषज्ञको योग्यता सम्बन्धी विषयलाई मध्यनजर गरी बाल समाजसेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञको रोस्टर खडा गर्नु पर्ने भएकाले देहायको योग्यता पुगेका ब्यक्तीले आफ्नो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी र १ प्रति फोटो समेत संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस अदालतमा दरखास्त दिनु होला।

२०७६।५।१३
(उपसचिव)
कैलाली जिल्ला अदालत

**योग्यताः-**

क) बालमनोविज्ञ वा बाल बिशेषज्ञः-

- मान्यता प्राप्त विश्वविद्यालयबाट मोनोविज्ञान बिषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,
- मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै पनि बिषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा बाल मनोविज्ञानका सम्बन्धमा कम्तीमा दुई महिनाको तालीम प्राप्त गरेको र
- फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।

ख) बाल समाजसेवी

- मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बालबिकास वा बाल अधिकारको बिषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा,
- मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै पनि बिषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाजसेवाका सम्बन्धमा कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको र
- फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको।